# स्थानीय राजपत्र

ज्वालामूखी गाउँपालिकाद्वारा प्रकाशित

खण्डः २ संख्या : १३ मितिः २०७५।०९।१२


**भागः २**

## ज्वालामूखी गाउँपालिकाको कृषि यान्त्रीकरण अनुदान तथा परिचालन सम्वन्धि कार्यबिधि–२०७५

**पृष्ठभूमी**

नेपाल कृषि प्रधान देश भईकन पनि यहाँको कृषि प्रणालीमा हालसम्म न्यून मात्रामा कृषि यन्त्र उपकरणहरुको प्रयोग भएको पाईन्छ। तसर्थ ज्वालामूखी गाउँपालिकाको क्षेत्रभित्र कृषि पेशालाई आधुनिकिकरण गरी व्यवसायिक एवम् प्रतिस्पर्धात्मक बनाउन कृषिमा यान्त्रीकरण गर्न वान्छनीय देखिएकोले आर्थिक वर्ष २०७५/०७६ देखि गाउँपालिकामा यान्त्रीकरण पद्दती कम अपनाईएका वडाहरुमा वाली अनुसार जमीन तयार गरि सीमान्तकृत कृषकहरुको पहुँच बढाउन निश्चित अवधिका लागि अनुदानको व्यवस्था गर्न साना हाते ट्रेक्टर र त्यसमा प्रयोग हुने कृषि यन्त्र

तथा उपकरणहरु अनुदान दिई प्रोत्साहन गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि ज्वालामूखी गाउँकार्यपालिकाको २०७५।०९।१२ गतेका ११ औं बैठकले ज्वालामूखी गाउँपालिकाको कृषि यान्त्रीकरण अनुदान तथा परिचालन कार्यबिधि, २०७५ जारी गरेको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (क) यो कार्यविधिको नाम "ज्वालामूखी गाउँपालिकाको कृषि यान्त्रीकरण अनुदान तथा परिचालन कार्यविधि, २०७५ रहेको छ ।

(ख) यो कार्यविधि गाउँकार्यपालिकावाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) "कृषि यन्त्र उपकरण" भन्नाले हाते कृषि ट्याक्टरलाई सम्झनु पर्छ ।

ख) "सेट" भन्नाले कृषि हाते ट्याक्टर र सो मा प्रयोग हुने उपकरण सम्झनु पर्छ ।

ग) "उपभोक्ता" भन्नाले अनुदानमा कृषि यन्त्र उपकरण लिन ईच्छुक कृषि व्यवसाय गर्ने उद्देश्य लिई प्रचलित कानुन बमोजिम दर्ता भएको कृषक समूह, कृषि सहकारी, कृषि उद्यमी संस्था समेतलाई सम्झनु पर्छ ।

ङ) "गाउँपालिका" भन्नाले ज्वालामूखी गाउँपालिका सम्झनुपर्छ ।

च) "विषयगत शाखा" भन्नाले कृषि शाखा सम्झनुपर्छ ।

छ) "समिति" भन्नाले यसै कार्यविधिको दफा १० मा उल्लेखित समितिलाई सम्झनु पर्दछ ।

३. **कार्यक्रम संचालनको उद्देश्य** : यस कार्यविधि अनुसार कार्यक्रमको

उद्देश्य देहाय बमोजिम हुनेछ ।

क) खाद्यान्न बाली, तरकारी बाली र फलफूल उत्पादनमा यान्त्रीकरण गर्न सहयोग पुऱ्याउने ।

ख) प्रति इकाई उत्पादन बृद्धि तथा उत्पादन लागत घटाउने ।

ग) युवा जनशक्तिलाई कृषिमा आकर्षित गर्ने/गराउने ।

घ) कृषिलाई आधुनिकिकरण, व्यवसायिकरण एवम् प्रतिस्पर्धात्मक बनाई खाद्य तथा पोषण सुरक्षाको साथै स्वरोजगारको अवसर श्रृजना गर्ने ।

## परिच्छेद–२

## कार्यक्रम संचालन

४. **वडा तथा बाली छनौट** : कार्यक्रम सञ्चालन क्षेत्र तथा बाली छनौटका आधारहरु देहाय बमोजिम हुनेछन् :

क) गाउँपालिका भरिमा यान्त्रीकरणको प्रभावकारीता तथा यान्त्रीकरण पद्यती अपनाउने समूह, कृषि, समूह, कृषि सहकारी र कृषि उद्यमीहरुलाई प्राथमिकता दिइनेछ ।

ख) खाद्यान्न बाली, तरकारी बाली र फलफूल उत्पादन गर्ने प्रमुख उद्देश्य रहेको छ ।

ग) माथि उल्लेखित समूह र कृषि उद्यमीको माग र आवश्यकता हेरी कृषि यन्त्र उपकरण वितरण गर्न सकिने छ ।

## परिच्छेद–३

## वितरण विधि

५. **निवेदन माग गर्ने** : (क) यस कार्यविधि बमोजिम कृषि यन्त्र उपकरणहरु अनुदान लिन चाहने कृषक उपभोक्ताका लागि निवेदन दिन १५ दिनको म्याद दिई गाउँपालिकाले सूचना प्रकाशन गर्नुपर्ने छ । निवेदनको ढाचा

अनुसुची १ बमोजिम हुनेछ ।

(ख) यन्त्र खरिद प्रकृया सार्वजनीक खरिद ऐन २०७३ बमोजिम हुने छ ।

(ग) उपदफा (१) बमोजिम अनुदान लिन चाहने उपभोक्ताले अनुसूची २ बमोजिमका कागजात एवं प्रमाण संलग्न गरी तोकीएको म्याद भित्र सम्बन्धित स्थानिय तहको कृषि क्षेत्र हेर्ने शाखामा निवेदन दिनु पर्नेछ ।

(घ) स्थानीय तहको कृषि क्षेत्र हेर्ने शाखाले उपदफा (२) बमोजिम प्राप्त हुन आएका निवेदनको छानबिन गरी ७ दिनभित्र टुङ्गो लगाई ३ दिनभित्र संक्षिप्त विवरण तयार पारी समिति समक्ष पेश गर्नु पर्नेछ ।

६. **छनौट समितिः** (१) यस कार्यविधि बमोजिमको कृषि यन्त्र उपकरण वितरणका लागि प्राप्त प्रस्तावहरुको छनौट गर्न देहाय बमोजिमको समिति रहनेछ ।

क) उपाध्यक्ष, ज्वालामूखी गाउँपालिका -संयोजक

ख) संयोजक, आर्थिक विकास समिति -सदस्य

ग) संयोजक, विधान समिति -सदस्य

घ) संयोजक, सार्वजनिक सेवा तथा क्षमता विकास समिति -सदस्य

ङ) वडा अध्यक्ष, वडा नं. ५ -सदस्य

च) प्रमुख वा प्रतिनिधि, प्राविधिक शाखा -सदस्य

छ) प्रमुख वा प्रतिनिधि, कृषि विकास शाखा -सदस्य

ज) प्रमुख वा प्रतिनिधि, पशु विकास शाखा -सदस्य

झ) प्रमुख, भण्डार शाखा । -सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञ वा गाउँकार्यपालिकाको सदस्यलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

## परिच्छेद–४

## क्षेत्राधिकार

७. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) म्याद भित्र दर्ता भएका कागजातहरु छानबिन गर्ने ।

ख) स्थानीय तहको कृषि हेर्ने निकायबाट प्राप्त संक्षिप्त विवरणलाई अध्ययन गरी प्रभावकारीता, यान्त्रीकरणको आवश्यकता र यान्त्रीकरण पद्यती कम अपनाईएका समूहहरुलाई प्राथमिकता दिई स्थानीय तहको कृषि हेर्ने निकाय मार्फत उपभोक्ताहरुले माग गरेको यन्त्र उपकरणको परिमाण र स्वीकृत वार्षिक बजेट अनुसार वडागत कोटा, संख्या एकिन गरि गाउँकार्यपालिकामा अनुसूची ३ बमोजिमको फारम भर्न लगाई सिफारिश गर्ने ।

ग) अनुदानमा उपलव्ध गराईएको यन्त्रको प्रभावकारी अनुगमन गर्न ।

८. **विषयगत शाखाको काम, कर्तव्य र अधिकार :**

सम्बन्धित विषयगत शाखाको काम, कर्तव्य, अधिकार र जिम्मेवारी देहाय बमोजिम हुनेछ ।

क) कृषि यन्त्र उपकरणहरु अनुदानमा लिन ईच्छुक उपभोक्तालाई औपचारिक जानकारी गराउन कार्यालयमा सूचना प्रकाशन गर्ने ।

ख) विधिवत प्राप्त भएका निवेदन दर्ता गरि संकलन गर्ने ।

ग) मापदण्ड पुगेका निवेदनहरुको सूची तयार गरि समिति समक्ष पेश गर्ने ।

घ) प्राप्त कोटा अनुदान रकमलाई आधार मानी सम्भव भए सम्म माग गर्ने सबै उपभोक्तालाइ सिफारिश गर्ने ।

ङ) उपभोक्ता कृषि पेशा, व्यवसायमा संलग्न भएकोलाइ मात्र प्राथमिकता दिई सिफारिश गर्ने ।

च) कृषि यन्त्र उपकरणहरु अनुदान कार्यको नियमित निरिक्षण गर्ने र उपभोक्ताले कृषि यन्त्र उपकरणहरु संझौता बमोजिम प्रयोग गरेको नपाईएमा बेहोरा खोली समिति समक्ष प्रतिवेदन दिने ।

९. **उपभोक्ताले पालन गर्नुपर्ने शर्तहरुः** कार्यक्रम कार्यान्वयनका लागि देहाय बमोजिमका शर्तहरु पालन गर्नुपर्नेछ ।

क) उपभोक्ता /समूह/फर्म, कृषि पेशा, व्यवसायमा संलग्न भएको हुनुपर्नेछ ।

ख) अनुसूची २ बमोजिमका कागजातहरु अनिवार्य पेश गर्नुपर्नेछ ।

ग) अनुदानमा उपलब्ध गराईएको कृषि उपकरण कृषि कार्यमा प्रयोग नगरी अन्य गैर कार्यमा प्रयोग गर्न पाइने छैन ।

घ) अनुसुची ४ बमोजिमका संझौताका बुदाहरु अक्षरस पालना गर्ने ।

१०. **अनुदान प्रवाह विधिः** अनुदान प्रवाह विधि देहाय बमोजिम हुनेछ ।

क) स्थानीय तहको कृषि शाखाले सिफारिश गरेका उपभोक्तालाई कृषि यन्त्र उपकरण उपलब्ध गराउँदा अनुसूची ४ अनुसार सम्झौता गरी उपलव्ध गराईने छ ।

ख) आपुर्तीकर्ताबाट प्राप्त यन्त्रहरु गाउँपालिकाले तोकेको सम्वन्धित विषयको प्राविधिकबाट जाँच गरी सिफारिशको आधारमा भुक्तानी गरिनेछ ।

ग) कृषि यन्त्र उपकरण कृषक समूहलाई वितरण कार्य छनौट समितिले तोके अनुसार हुनेछ ।

घ) कृषि उपकरण उपलव्ध गराउँदा गाउँपालिकाले ७५ प्रतिशत र प्राप्त गर्ने क्षेत्र/समूहले २५ प्रतिशत खर्च व्यहोर्नु पर्ने छ ।

ङ) उक्त २५ प्रतिशत रकम कृषि यन्त्र प्राप्त गर्ने पक्षले कृषि यन्त्र प्राप्त गर्नु पूर्व गाउँपालिकाको बैंक खातामा जम्मा गर्नुपर्ने छ ।

च) कृषि उपकरण गाउँपालिकाले नियमानुसार खरिद गरि उपलव्ध गराउने छ ।

## परिच्छेद-५
## विविध

११. **अनुगमनः** कार्यक्रमको अनुगमन गाउँपालिका स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिको मातहतमा रहि देहाय बमोजिम हुनेछ ।

क) संचालित कार्यक्रमहरुको नियमित अनुगमन तथा मुल्याङ्कनको कार्य स्थानीय तहको कृषि . शाखाले गर्ने छ ।

ख) अनुदान प्राप्त उपभोक्ताले यस कार्यविधिमा निर्धारित कुनै शर्त पालना नगरेको वा अनुदान दुरुपयोग गरेको पाईएमा चालु हालतमा भएका कृषि यन्त्र उपकरणहरु फिर्ता लिई अन्य लक्षित समूहलाई वितरण गर्न समिति समक्ष प्रतिवेदन दिने ।

ग) समितिले उपलव्ध गराएको कृषि उपकरण समय समयमा समितिद्धारा अनुगमन गरि सुझाव दिनुका साथै अन्य आवश्यक कारवाही गर्ने छ ।

१२. **कार्यबिधिको परिमार्जनः** क) यस कार्यविधको संशोधन/परिमार्जन गाउँपालिकाले आवश्यकता अनुसार गर्न सक्नेछ ।

१३. **अन्तिम व्याख्याः** यस कार्यविधिको कार्यान्वयनमा द्विविधा भएमा गाउँपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

१४. **अनुसूचीमा हेरफेर गर्न सक्नेः** यस कार्यविधिमा संलग्न अनुसूचीहरु गाउँपालिकाले हेरफेर गर्न सक्नेछ ।

१५. **खारेजी र बचाउः** (क) यो कार्यविधिको खारेजी गाउँपालिकाले गर्न सक्नेछ ।

(ख) यस पूर्व कृषि यन्त्र उपकरण वितरण सम्वन्धी भएका कामकारवाही यसै कार्याविधि बमोजिम भएको मानिने छ ।

**ज्वालामूखी गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

साधभञ्ज्याङ, धादिङ

बागमी प्रदेश, नेपाल

(नियम ५ को उपनियम क सँग सम्वन्धित)

**अनुसूची–१**

मितिः .................

**श्री संयोजक ज्यू**

**कृषि विकास शाखा**

**ज्वालामूखी गाउँपालिका**

साधभञ्ज्याङ, धादिङ ।

## विषय : कृषि यन्त्र उपकरण अनुदानमा उपलब्ध गराई पाउँ ।

मलाई/हामीलाई खाद्यान्न बाली, तरकारी र फलफूल उत्पादन कार्यमा उपयोग गर्नको लागि “कृषि यान्त्रीकरण अनुदान पहिचान कार्यविधि, २०७५” अनुसार तोकीए बमोजिमको शर्तमा अुनदानमा कृषि यन्त्र उपकरण प्राप्त गर्न कृषि विकास शाखा, ज्वालामूखी गाउँपालिकाको मिति ........................... को सूचना अनुसार आवश्यक कृषि यन्त्र उपकरणहरु प्रारम्भिक छनौटको फारममा भरी कृषि यन्त्र उपकरण (हाते ट्याक्टर) अनुदानमा उपलब्ध गराई पाउनका लागि यो निवेदन पेश गरेका छु/छौं ।

**संलग्न कागजातः**

१.

२.

३.

४.

५.

६.

७.

**<u>निवेदक</u>**

दस्तखतः

नामः

संस्थाको नामः

पद :

संस्थाको छाप

**ज्वालामूखी गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

साधभञ्ज्याङ, धादिङ

प्रदेश नं. ३, नेपाल

(नियम ५ को उपनियम ख सँग सम्वन्धित)

अनुसूची-२

**कृषि यन्त्र उपकरण अनुदानमा प्राप्त गर्न कृषक समूह, कृषि सहकारी र कृषि उद्यमी संस्थाले पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**

१. मेशिनरी औजार संचालन तथा मर्मत सम्बन्धी तालिम लिएको भए सो प्रमाण पत्रको प्रतिलिपि

२. समूह/संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपी

३. उपलव्ध भएमा समूहको PAN प्रमाण पत्रको प्रतिलिपी

४. समूहको निर्णय प्रतिलिपी

५. समूहले अनुदान प्रक्रियाको लागि जिम्मेवारी दिई खटाउने पदाधिकारीलाई दिएको अख्तियारी पत्र

६. अधिकार प्राप्त पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपी र फोटो १ प्रति

७. संस्था नविकरणको प्रमाण पत्रको प्रतिलिपी वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्र ।

८. गत आ.व.को कर चुक्ता प्रमाण पत्र ।

९. सम्वन्धीत वडा कार्यालयको सिफारिश ।

१०. निवेदक समूहले यस पूर्व कृषि क्षेत्रमा गरेको कुनै प्राप्ती एवं सफलताको कथा भए सोको प्रमाण ।

**ज्वालामूखी गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

साधभञ्ज्याङ, धादिङ

प्रदेश नं. ३, नेपाल

(नियम ११ को उपनियम ख सँग सम्वन्धित)

**अनुसूची–३**

पासपोर्ट
साइजको
कान देखि
फोटा

## कृषि यन्त्र उपकरण अनुदानमा लिन उपभोक्ता प्रारम्भिक छनौटको लागि भर्ने फारम

**क) <u>उपभोक्ताको विवरणः</u>**

१. संस्थाको नामः ....................................................... अधिकार प्राप्त पदाधिकारीको नागरिकता प्र.प.नं. ........................... र जारी मिति : ................................

२. दर्ता नं. .............. दर्ता मिति ......................... दर्ता निकाय .............................

३. स्थायी ठेगानाः जिल्ला ................. नगर/गा.पा. .................. वडा नं. ...... टोल........

४. हालको ठेगानाः जिल्ला ................. नगर/गा.पा. .................. वडा नं. ...... टोल........

सम्पर्क : मोबाइल नं. ................... फोन नं. ................ इमेल .............................

५. सम्पर्क व्यक्तिको नाम :...................... पद ............ मो.नं. ............... इमेल..............

६. मान्यता प्राप्त वित्तिय संस्थाको नाम : .........................................

ठेगानाः ............................................... खाता नं.

.................................

७. उपभोक्ताको PAN No. ............................

८. सदस्य संख्या : महिला ................. पुरुष .......... दलित ........... जनजाती .............

९. लाभान्वित कृषक संख्या : प्रत्यक्ष ................................ अप्रत्यक्ष ..........................

११. प्राप्त कृषि यन्त्रहरु उपयोग गर्ने

| सि.नं. | वडा | गा.पा. |
|---|---|---|
| | | |
| | | |

१२. कृषि यन्त्र उपकरण अनुदानमा लिन म /हामी छनौट भएमा अनुदान बाहेक तोकिएको नगद बैंक दाखिला गरि कार्यक्रममा सहभागी हुन सहमत छु/छौं ।

माथि पेश गरेको विवरण ठीक साँचो छ, झुटो भएमा कानून बमोजिम सहुँला बुझाउँला। म/हामीलाई त्यस कार्यालयबाट व्यवस्था भए बमोजिमको अनुदानमा उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछु/छौं ।

| |
|---|
| संस्थाको छाप |

निवेदकको सहीः .........................

मितिः ....................................

ज्वालामूखी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

साधभञ्ज्याङ, धादिङ

प्रदेश नं. ३, नेपाल

(नियम १४ को उपनियम घ सँग सम्वन्धित)

**अनुसूची ४**

## गाउँपालिका र उपभोक्ता बीचको सम्झौता पत्र

ज्वालामूखी गाउँपालिका (यसपछि प्रथम पक्ष भनिने छ) र ............................................कृषि सहकारी/कषि समुह/कृषि उद्यमी संस्था (यससपछि दोस्रो पक्ष भनिने छ ) का बीच कृषि यन्त्र, औजार, उपकरणहरु अनुदानमा उपलव्ध गर्न/गराउनका लागि "कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि, २०७५" बमोजिम छनौट समितिबाट छनौट भएका कृषि यन्त्र, औजार, उपकरणहरुको मोडेल, ब्राण्ड र क्षमतामा मात्र स्वीकृत अनुदान रकम उपभोक्ताले गाउँपालिकाबाट प्राप्त भए पश्चात सहमत भई तपसिलका शर्तहरुको अधिनमा रही यो सम्झौता पत्रमा हस्ताक्षर गरि एक/एक प्रति दियौं लियौं ।

**शर्तहरुः**

१. स्वीकृत "कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि, २०७५" यस सम्झौताको अभिन्न अंग मानिने छ ।

२. प्रस्ताव छनौट समितिको निर्णय अनुसारका कृषि यन्त्र, औजार, उपकरणको ब्राण्ड /मोडल/क्षमता र अनुदान रकम सम्बन्धी निर्णय यो सम्झौताको अभिन्न अंग हुनेछ ।

३. गाउँपालिकाले स्वीकृत कार्यविधिको बुँदा नं. १३ अनुसारका शर्तहरु पूर्ण रुपले पालना गर्नुपर्नेछ ।

४. उपभोक्ताले स्वीकृत कार्यविधिको बुँदा नं. १४ अनुसारका शर्तहरु पूर्ण रुपले पालना गर्नुपर्नेछ ।

५. गाउँपालिकावाट कृषि यन्त्र, औजार, उपकरण प्राप्त गर्न उपभोक्ताले तपसिल अनुसारका कागजात पेश गर्नु पर्ने छ ।

क) अनुसूची-१ अनुसार उपभोक्ता समूहको निवेदन ।

ख) अनुसूची-२ अनुसार आवश्यक कागजात

ग) अनुसूची-३ अनुसार प्रारम्भिक छनौटको फाराम ।

६. माथीको बुँदा नं. ५ मा उल्लेख गरिएका कागजातहरु पूर्ण रुपमा पेश नभएमा गाउँपालिकाले उपभोक्ताको नाममा कृषि यन्त्र उपकरण उपलव्ध गराउन वाध्य हुने छैन ।

७. प्रस्ताव छनौट समितिले निर्धारण गरिए बमोजिमका ब्राण्ड, मोडेल तथा क्षमता अनुसारको कृषि यन्त्र, औजार, उपकरणहरुमा निर्धारित अनुदान रकम बाहेकको रकम सम्बन्धित उपभोक्ताले गाउँपालिकाको बैंक खातामा नगद जम्मा गर्नुपर्ने छ ।

८. गाउँपालिकाले उपलव्ध गराएको विभिन्न कृषि यन्त्र, औजार, उपकरण चलाउने साधारण ज्ञान, सीप र तालिमको व्यवस्था उपभोक्ताले नै गर्नुपर्ने छ ।

९. सम्झौतामा उल्लेख भएको कुराहरु सम्झौता बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१०. कुनै कुराहरु स्पष्ट नभएमा वा कुनै कुरामा विवाद भएमा दुबै पक्षको आपसी छलफलबाट निर्णय गरिनेछ र केही गरी विवाद टुङ्गो नलागेमा प्रचलित ऐन नियम अनुसार गाउँपालिकावाट भएको निर्णय अन्तिम हुनेछ ।

११. यस कार्यको सम्झौता आजका मिति देखि प्रारम्भ हुनेछ ।

१२. उपरोक्तानुसार बुँदाहरुमा गाउँपालिका र उपभोक्ता दुबै सहमत भई यो सम्झौता पत्रमा हस्ताक्षर गरी लियौं/दियौ ।

| **पहिलो पक्ष** | **दोस्रो पक्ष** |
| --- | --- |
| गाउँपालिकाको तर्फबाट | उपभोक्ताको तर्फबाट |
| हस्ताक्षर : .................................. | हस्ताक्षर : .......................... |

| | |
|---|---|
| नाम/थर : ............................... | नाम : ............................... |
| पद : ...................................... | पद : ................................. |
| मिति : ..................................... | मिति : .............................. |

| | |
|---|---|
| साक्षी | साक्षी |
| हस्ताक्षर : .................................. | हस्ताक्षर |
| नाम : श्री .................................. | नाम : ............................... |
| पद : ........................................ | पद : ................................. |
| संस्थाको नाम : ........................... | संस्थाको नाम : .................. |

आज्ञाले

**बद्रिनाथ लम्साल**

प्रमुख पशासकीय अधिकृत

**ज्वालामूखी गाउँपालिकाको कृषि यान्त्रीकरण अनुदान तथा परिचालन सम्वन्धि कार्यबिधि–२०७५, मूल्य रु.१०।-**